वेबसाइटः mopid.p7.gov.np
ईमेलः mopidp7@gmail.com
फोन नं.:०९१-५२३३०३
फ्याक्सः०९१-५२७२७४

सुदूरपश्चिम प्रदेशसरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

धनगढी, कैलाली, नेपाल

सुदूरपश्चिम प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय धनगढी, कैलाली २०७४

प.सं.२०८१।०८२
च.नं. ६३८

मितिः २०८१।१०।२३

विषयः विपन्न घर परिवारका लागि जलवायु चुलो कार्यक्रमका लागि इच्छा पत्र माग गरिएको।

श्री सबै नगरपालिका/उप महानगरपालिका।
श्री सबै गाँउपालिका ।
सुदूरपश्चिम प्रदेश, नेपाल ।

यस मंत्रालयको चालु आ.व. २०८१/०८२ को वार्षिक विकास कार्यक्रममा प्रदेश सरकार र स्थानिय पालिकाको विपन्न घर परिवारका लागि जलवायु चुलो लागत सहभागिता (संघ, प्रदेश र स्थानीयको सहकार्यमा/सहलगानी) मा सहयोग गर्ने कार्यक्रम रहेको ब्यहोरा अनुरोध छ ।यसै पत्राचार मार्फत विपन्न घर परिवारका लागि जलवायु चुलो वितरण सम्बन्धी कार्य गर्न इच्छुक गाँउपालिका, नगरपालिका तथा उपमहानगर पालिकाबाट **इच्छा पत्र (Letter of Interest)** माग गरिएको छ।इच्छापत्रमा उल्लेखित विवरणको आधारमा पालिका छनौट गरी प्राथमिकतामा परेका पालिकाहरूले निम्न अनुसारको भूमिका निर्वाह गर्ने गरि त्रिपक्षिय पक्षिय सम्झौता अनुसार विपन्न घर परिवारका लागि जलवायु चुलो वितरण सम्बन्धी कार्य गर्नुपर्ने छ।

**सम्बन्धित पालिकाको भूमिकाः**

- चालु आ.व. २०८१/०८२ सो कार्य को लागि संघ र स्थानीय तहमा वजेट विनियोजन भएको।
- विपन्न घर परिवारका लागि जलवायु चुलो वितरण कार्यकोलागि उपभोक्ताहरुको छनौट भएको।
- वैकल्पिक उर्जा प्रवर्धन केन्द्रको निर्देशीका बमोजिम लागत ब्यहोर्ने प्रतिबद्धता पत्र ।
- विपन्न घर परिवारका लागि जलवायु चुलो वितरण सम्बन्धी स्पष्ट योजना तयार भएको ।

*प्रदेश सरकारको तर्फबाट पालिकालाई उपलब्ध गराइने आर्थिक सहयोग सशर्त अनुदानको रुपमा हुनेछ ।*

अनुसार विपन्न घर परिवारका लागि जलवायु चुलो वितरण सम्बन्धी कार्य योजनाको इच्छा पत्र २०८१ फाल्गुण ७ गते भित्र प्राप्त हुने गरि यस मंत्रालय वा इमेल ठेगाना mopidp7@gmail.com मा पठाउन सकिनेछ।योजना तर्जुमा सम्बन्धी बिस्तृत कार्य विवरण समझदारी पत्रमा उल्लेख गरिनेछ । थप जानकारीका लागिः इन्जिनियर श्री नरेश शर्मा (मो. ९८५८४७७०२०) ।

८१/१०/23

.....................
(सुरत कुमार बम)
प्रदेश सचिव